# आरुघाट गाउँपालिका "स्थानीय श्रोत शिक्षक ब्यबस्थापन कार्यविधि ",२०७६

**कार्यपालिकाबाट स्वीकृत मिति: २०७६/६/२**

आरुघाट गाउँपालिका भित्र संचालित विभिन्न तहका विद्यालयहरुमा राहत दरबन्दी तथा दरबन्दीमा रहेको शिक्षक र बिद्यार्थी अनुपातमा शिक्षक दरबन्दी थप गर्न वान्छनीय भएकोले,
आरुघाट गाउँकार्यपालिकाले यो कार्यविधि तयार गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम "**स्थानीय श्रोत शिक्षक ब्यबस्थापन कार्यविधि,२०७६**" रहनेछ।

(२) यो कार्यविधि आरुघाट गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भए पछि तुरुन्त लागु हुनेछ।

**२. परिभाषा :**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

(क) **गाउँपालिका** भन्नाले आरुघाट गाउँपालिकालाई सम्झनु पर्दछ।

(ख) **विद्यालय** भन्नाले आरुघाट गाउँपालिका भित्र अनुदानमा संचालित सामुदायिक बिद्यालय सम्झनु पर्दछ।

(ग) **विद्यालय तह** भन्नाले प्राथमिक तह (१-५),आधारभूत तह (६-८),माध्यमिक तह (९-१०),माध्यमिक तह (११-१२) सम्झनु पर्दछ।

(घ) **स्थानीय श्रोत शिक्षक** भन्नाले गाउँपालिकाको अनुदानमा नियुक्त भएको शिक्षक सम्झनु पर्दछ।

**३. स्थानीय श्रोत शिक्षकको तहगत योग्यता तथा नियुक्ति :**

(१) सबै तहको शिक्षकको शैक्षिक योग्यता राष्ट्रिय शिक्षक सेवा आयोगले तोके अनुसार हुनेछ ।
तर, आधारभूत तह (६-८) मा गणित तथा बिज्ञान, माध्यमिक तह (९-१२) अध्यापन गर्न अंग्रेजी,गणित,बिज्ञान र लेखा बिषयको हकमा स्थायी अध्यापन अनुमति पत्र अनिवार्य गरिएको छैन।

(२) शैक्षिक सत्र २०७६ चैत्र मसान्त सम्म उपदफा (२) मा उल्लेख गरेको बाहेकको बिषयमा स्थायी अनुमति पत्र नभएपनि करारमा कार्य गर्न कुनै बाधा पर्नेछैन तर ०७७ बैशाख पछि उपलब्ध नभएमा स्वत:करार खारेज हुनेछ।

(३) स्थानीय श्रोतका शिक्षकको नियुक्ति अन्य अस्थायी करार शिक्षकको नियुक्ति प्रक्रिया अनुसार नै हुनेछ।

(४) स्थानीय श्रोतका शिक्षकको करार नियुक्ति हाल १ शैक्षिक सत्रको हुनेछ र त्यस पछि आवश्यक भएमा गाउँ शिक्षा समितिले आवश्यकता अनुसार म्याद थप गर्नेछ।

(५) आधारभूत तह (६-८) र मा.वि.तह (९-१२) संचालित बिद्यालयमा प्रमुख बिषय अंग्रेजी ,गणित,बिज्ञान र लेखा बिषयहरुको शिक्षक नियुक्ति नगरी अन्य बिषयको बिज्ञापन गरिने छैन।

(६) स्थानीय श्रोतका शिक्षकको व्यक्तिगत फाइल तयार गरी गाउँपालिकामा पेश गर्नु पर्नेछ।

(७) स्थानीय श्रोत शिक्षकले चाडपर्व खर्च समेत गरी बार्षिक १३ महिनाको तलब पाउनेछन्।

(८) कक्षा ११ र १२ को हकमा भर्ना शुल्क र मासिक शुल्क बिद्यार्थीसँग लिइने भएकोले सो रकमले धान्ने शिक्षक संख्या घटाएर मात्र सो तहमा स्थानीय श्रोतको शिक्षक थप गरिनेछ।

(९) प्रत्येक ३/३ बर्षमा विद्यार्थी संख्या र शिक्षक अनुपातको औसत निकाली पुन: दरबन्दी मिलन तथा ब्यबस्थापन गरिनेछ।

**४. स्थानीय श्रोत शिक्षकको तहगत अनुसार तलबमान तपशिल बमोजिम हुनेछ।**

आरुघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आरुघाट, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

(१) प्राथमिक तह (१-५) शिक्षकको तलब मासिक रू १४०००/-

(२) आधारभूत तह (६-८) शिक्षकको तलब मासिक रू १६०००/-

(३) माध्यमिक तह (९-१०) शिक्षकको तलब मासिक रू २२०००/-

(४) माध्यमिक तह (११-१२) शिक्षकको तलब मासिक रू २५०००/-

**५. खारेजी तथा बचाउ**

(१) शैक्षिक सत्र २०७६को श्रावण देखि भएका कार्यहरु यसै कार्यविधि अनुरुप भएको मानिनेछ ।

(२) यो कार्यविधिमा उल्लेख गरिएको बाहेकका कुराहरु प्रचलित कानुन बमोजिम हुने र संघीय तथा प्रदेश सरकारको कार्यविधिसंग बाझिएको हकमा खारेज हुनेछ ।

आरुघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आरुघाट, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत